**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, बिन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेसनल माउन्टेन म्युजियम, पद्मसैबा कन्बजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९ फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १३८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ २० गते बुधबार ❑ 3 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ |-

## गण्डकी प्रदेशको नीति तथा कार्यक्रम सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, १९ जेठ

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि 'आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी' भन्ने दीर्घकालीन योजना सहितको नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ।

मंगलबार बसेको प्रदेश सभाको बैठकमा प्रदेश प्रमुख डिल्लीराज भट्टले प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम सार्वजनिक गर्दै विभिन्न कार्यक्रम सहित कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, पूर्वाधार, ऊर्जा, खेलकुद तथा सुशासनलाई प्राथमिकतामा राखिएको बताउनु भएको हो।

दोस्रो पञ्चवर्षीय योजनाको सोचलाई आत्मसात् गर्दै ल्याइएको यस नीति तथा कार्यक्रममा पर्यटन, दिगो कृषि, पूर्वाधार विकास, प्रशासनिक सुधार, स्वास्थ्य, शिक्षा र हरित अर्थतन्त्रलाई मुख्य प्राथमिकतामा राखिएको छ। परम्परागत टुक्रे योजनाहरूलाई निरुत्साहित गर्दै रणनीतिक र रूपान्तरणकारी आयोजनामा बजेट केन्द्रित गर्ने उहाँले जनाउनु भयो। यस वर्षको नीति तथा कार्यक्रमको सबैभन्दा उल्लेखनीय पाटो प्रशासनिक पुनर्संरचना बनेको छ। सरकारले प्रशासनिक खर्च घटाउन र सुशासन प्रवर्द्धन गर्न निम्न कदम चालेको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। कार्यालय कटौतीः साविकका ३२ वटा प्रादेशिक कार्यालयहरूलाई घटाएर १९ वटामा कायम गरिएको छ। दरबन्दी कटौतीः प्रशासनिक बोझ कम गर्न ३०० भन्दा बढी सरकारी दरबन्दी कटौती गरिएको छ। डिजिटलाइजेसन र एआईः सरकारी सेवा प्रवाहलाई छिटो र छरितो बनाउन डिजिटल माध्यमको प्रयोग गरिनेछ र सरकारी सेवामा कृत्रिम बुद्धिमत्ताको प्रयोग बढाउने नीति लिइएको छ।

कृषिमा 'रिटर्न टु भिलेज' र प्रविधिको प्रयोगलाई समेत प्रथामिकतामा राखिएको छ। कृषिको आधुनिकीकरण र



उत्पादन वृद्धिका लागि सरकारले नवीनतम कार्यक्रमहरू अघि सारेको छ। रिटर्न टु भिलेज अभियानः वैदेशिक रोजगारी वा सहरबाट गाउँ फर्किएर कृषि उद्यम गर्न चाहने युवाहरूलाई लक्षित गरी सहुलियतपूर्ण कर्जा र ब्याज अनुदान उपलब्ध गराइने जनाएको छ। बिचौलियाको अन्त्यः किसान र उपभोक्ताबीचको दुरी कम गर्न 'कृषि एम्बुलेन्स' सञ्चालन गरिनेछ भने उत्पादनको न्यायोचित मूल्य सुनिश्चित गर्न "कृषि एप" को विकास गरिने भएको नीति तथा कार्यक्रममा समेटिएको छ। पशु स्वास्थ्य र माटो परीक्षणः आगामी वर्ष १० वटा स्थानीय तहलाई "पूर्ण पशु खोपयुक्त" घोषणा गरिनेछ र कृषि उत्पादकत्व बढाउन "माटो स्वच्छता प्रमाणपत्र" वितरण कार्यक्रमलाई व्यापक बनाइने भएको छ। पोखरालाई मुलुककै पर्यटकीय राजधानीका रूपमा थप स्थापित गर्न र विदेशी पर्यटक आकर्षण गर्न विशेष प्याकेजहरू ल्याइने भएको प्रदेश प्रमुख भट्टले जनाउनु भयो। गण्डकी जाऔं अभियानः आगामी पाँच वर्षभित्र छिमेकी मित्रराष्ट्र चीन र भारतबाट आउने पर्यटकको सङ्ख्या दोब्बर पार्न "गण्डकी जाऔं: प्रकृति र संस्कृतिसँग रमाऔं" अभियान चलाइने भएको छ। नयाँ कार्यक्रमः पोखराको लेकसाइड र आसपासको क्षेत्रलाई समेटेर 'राउन्ड फेवाः भ्यु फेवा' कार्यक्रमलाई निरन्तरता दिने भएको छ। धार्मिक पर्यटन परिपथः दामोदर कुण्ड, मुक्तिनाथ, देवघाट र त्रिवेणीधामलाई जोड्ने गरी 'धार्मिक पर्यटन परिपथ' निर्माण गरिने उहाँले जनाउनु भयो। साहसिक र व्यापारिक पर्यटनः स्काई डाइभिङ, बन्जी जम्पिङ जस्ता साहसिक खेलहरूलाई विस्तार गरिने भएको छ भने पोखरालाई अन्तर राष्ट्रिय सभा-सम्मेलन केन्द्र को रूपमा विकास गरिने नीति तथा कार्यक्रममा समेटिएको छ।

लामो समयदेखि बहसको विषय बनेका आर्थिक र कानुनी मुद्दाहरूलाई यसै अधिवेशनबाट किनारा लगाउने सरकारको योजना अघि सारेको छ। गाँजा खेती नियमनः औषधीय तथा औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई नियमन गर्ने विधेयक चालु अधिवेशनबाटै पारित गरी लागू गरिने भएको छ। घरेलु मदिरा ब्रान्डिङः "गण्डकी प्रदेश घरेलु मदिरा ऐन" लाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइने प्रमुख भट्टले जनाउनु भयो। उद्योग पुनर्उत्थानः बन्द अवस्थामा रहेका गोरखकाली रबर उद्योग र भृकुटी कागज कारखाना पुनः सञ्चालनका लागि केन्द्र सरकारसँग आवश्यक समन्वय गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। अस्पतालको क्षमता विस्तारः प्रदेश मातहतका अस्पतालहरूको क्षमता ३०० शैयाबाट बढाएर ८०० शैया पुऱ्याइएको छ। प्रत्येक जिल्ला अस्पतालमा विशेषज्ञ सेवा विस्तार गरिने भएको प्रदेश प्रमुख भट्टले जनाउनु भयो। क्यान्सर तथा मिर्गौला रोगीहरूका लागि आर्थिक सहायता र नियमित डायलासिस सेवालाई थप प्रभावकारी बनाइने भएको छ। महिनावारीः स्कुले छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमले निरन्तरता पाउनेछ भने-आधुनिक शिक्षा र सीपः विद्यालय तहदेखि नै कृत्रिम बुद्धिमत्ता प्रविधि र साइबर सुरक्षासम्बन्धी पाठ्यक्रम समावेश गरी ज्ञान प्रदान गरिनुका साथै 'सिक्दै कमाउँदै, कमाउँदै सिक्दै' कार्यक्रममार्फत प्राविधिक शिक्षालाई श्रम बजारसँग जोडिने अभियानलाई यस वर्ष थप प्रभावकारी बनाइने भएको छ। सरकारले हालसम्म १,१६८ किलोमिटरभन्दा बढी सडक कालोपत्रे र ११८ वटा सडक पुल निर्माण सम्पन्न भएको तथ्याङ्क सार्वजनिक गर्दै पूर्वाधारतर्फ थप महत्त्वाकाङ्क्षी योजना अघि सारेको छ। ऊर्जा र खानेपानीः प्रदेशका ९९.९८ प्रतिशत घरधुरीमा विद्युत् पहुँच पुगिसकेको अवस्थामा 'उज्यालो गण्डकी' अभियानलाई पूर्णता दिइने भएको छ भने 'एक घरः एक धारा' कार्यक्रममार्फत हालसम्म १ लाख ६६ हजार बढी घरमा निजी धारा जडान भइसकेको र यसलाई निरन्तरता दिइने भएको छ।

रणनीतिक सडकहरूः शालिग्राम करिडोर तथा कोरला-पोखरा-त्रिवेणी सडक आयोजनालाई प्रदेशको रूपान्तरणकारी आयोजनाको रूपमा तीव्रता दिइने भएको छ भने एक जिल्ला, एक जलाशयः ऊर्जा र पानीको दिगो व्यवस्थापनका लागि "एक जिल्ला, एक जलाशय" को अवधारणा अघि सारिएको छ।

खेल पर्यटनः प्रत्येक जिल्लामा बहुउद्देश्यीय कभर्ड हल निर्माण गरिने योजना अघि सारिएको छ भने साहसिक खेलहरूलाई पर्यटनसँग जोडेर गण्डकीलाई 'खेल पर्यटनको केन्द्र' बनाउने लक्ष्य राखिएको छ। स्रोत व्यवस्थापनः विकास बजेटको स्रोत जुटाउन सरकारले आन्तरिक ऋण परिचालनको कानुनी आधार तयार गर्ने र बैंकहरूमा निष्क्रिय रहेको कोषको रकम उपयोग गर्ने नीति लिएको छ। प्रदेश सरकारले प्रस्तुत गरेको यो नीति तथा कार्यक्रममाथि प्रदेश सभामा विस्तृत छलफल र सुझाव संकलन गरेपछि आगामी आर्थिक वर्षको पूर्ण बजेट सार्वजनिक गरिने भएको हो।

## मुग्लिन-पोखरा सडकको 'सेफ्टी अडिट' सुरु

पोखरापत्र संवाददाता
पोखरा, १९ जेठ

पर्यटन राजधानी पोखरा र सङ्घीय राजधानी काठमाडौं जोड्ने पृथ्वीराजमार्गमा दुर्घटना बढेसँगै 'सेफ्टी अडिट' सुरु गरिएको छ।

स्तरोन्नतिका क्रममा रहेको सो सडकखण्डमा बढ्दो सवारी चाप र दुर्घटनालाई मध्यनजर गर्दै 'सेफ्टी अडिट' सुरु गरिएको मुग्लिन-पोखरा सडक आयोजना प्रमुख कृष्णबहादुर कुँवरले जानकारी दिनुभयो। उक्त खण्डमा अहिले स्तरोन्नति अन्तिम चरणमा छ। चार लेनमा सडकमा कालोपत्र सकिएको छ। "सडक विस्तार तथा स्तरोन्नति अन्तिम चरणमा छ, सडक प्रयोगकर्ताको सुरक्षालाई प्राथमिकतामा राखेर सेफ्टी अडिट सुरु गरेका छौं। अडिटका क्रममा सडकको मोड, चोक, पुल, साइनबोर्ड, डिभाइडर, सडकबत्ती, पैदलयात्रीको आवागमन तथा दुर्घटना सम्भावित क्षेत्रको अध्ययन गरिनेछ", आयोजना प्रमुख कुँवरले भन्नुभयो। सरकारको १०० बुँदे कार्ययोजनामा समेत मुग्लिन-पोखरा सडकमा सेफ्टी अडिट गर्ने र यसको प्रतिवेदन अन्य सडकमा समेत लागू गर्ने उल्लेख गरिएको आयोजनाले जनाएको छ। उक्त प्रतिवेदनका आधारमा आवश्यक स्थानमा थप सुरक्षा व्यवस्था, ट्राफिक सङ्केत चिह्न, रेलिङ, गति नियन्त्रण तथा चेतनामूलक व्यवस्था गरिने जनाइएको छ।

मुग्लिन-पोखरा सडक देशकै व्यस्त राजमार्गमध्ये एक मानिन्छ। सडक विस्तारका क्रममा कतिपय स्थानमा निर्माण सामग्री, धुलो तथा अस्थायी संरचनाका कारण यात्री तथा चालकले समस्या भोग्दै आएका छन्। वर्षायाम नजिकिँदै गर्दा पहिरो र दुर्घटनाको जोखिमसमेत बढ्ने भएकाले 'सेफ्टी अडिट' गर्न लागिएको हो।

मुग्लिन-पोखरा सडक स्तरोन्नति आयोजनाको पश्चिम खण्डमा पाँच वर्षअघि सुरु भएको सडक विस्तार तथा स्तरोन्नति पटकपटक म्याद थप हुँदासमेत अझै पूरा हुनसकेको छैन। तनहुँको जामुनेदेखि पोखराको सेतीपुलसम्मको ३८ दशमलव ७१ किलोमिटर सडकखण्ड पश्चिम खण्डअन्तर्गत पर्दछ।

आयोजनाको म्याद गत पुसमा तेस्रोपटक थप गर्दै आगामी असार १५ गतेसम्म पुर्‍याइएको छ। हालसम्म आयोजनाको भौतिक प्रगति ७८ प्रतिशत पुगेको छ।

## सभापति लामिछाने र भारतीय गृहमन्त्री शाहबीच भेटवार्ता

पोखरापत्र संवाददाता
पोखरा, १९ जेठ



भारत भ्रमणमा रहनुभएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र भारतका गृहमन्त्री अमित शाहबीच भेटवार्ता भएको छ।

उक्त भेटमा नेपाल-भारत सम्बन्ध, आपसी हित, लोकतान्त्रिक अभ्यास, सुरक्षा सहकार्य तथा दुई देशका राजनीतिक दलहरूबीचको संवाद र सहकार्यका विषयमा विचार विमर्श भएको रास्वपाले जनाएको छ।

सभापति लामिछाने भाजपाका अध्यक्ष नीतिन नवीनको निमन्त्रणामा पाँच दिने भारत भ्रमणका लागि सोमबार भारत प्रस्थान गर्नुभएको हो। सभापति लामिछाने नेतृत्वको प्रतिनिधिमण्डलमा उहाँकी धर्मपत्नी निकिता पौडेल, रास्वपाका सहमहामन्त्री तथा प्रतिनिधिसभा सदस्य विपीनकुमार आचार्य, रास्वाका सचिवालय सदस्य तथा प्रतिनिधिसभा सदस्य दीपक बोहरा र स्वकीय सचिव प्रदीप आचार्य हुनुहुन्छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## मुग्लिन-पोखरा सडकको 'सेफ्टी अडिट' सुरु

पोखरापत्र संवाददाता
पोखरा, १९ जेठ

पर्यटन राजधानी पोखरा र सङ्घीय राजधानी काठमाडौं जोड्ने पृथ्वीराजमार्गमा दुर्घटना बढेसँगै 'सेफ्टी अडिट' सुरु गरिएको छ।

स्तरोन्नतिका क्रममा रहेको सो सडकखण्डमा बढ्दो सवारी चाप र दुर्घटनालाई मध्यनजर गर्दै 'सेफ्टी अडिट' सुरु गरिएको मुग्लिन-पोखरा सडक आयोजना प्रमुख कृष्णबहादुर कुँवरले जानकारी दिनुभयो। उक्त खण्डमा अहिले स्तरोन्नति अन्तिम चरणमा छ। चार लेनमा सडकमा कालोपत्र सकिएको छ। "सडक विस्तार तथा स्तरोन्नति अन्तिम चरणमा छ, सडक प्रयोगकर्ताको सुरक्षालाई प्राथमिकतामा राखेर सेफ्टी अडिट सुरु गरेका छौं। अडिटका क्रममा सडकको मोड, चोक, पुल, साइनबोर्ड, डिभाइडर, सडकबत्ती, पैदलयात्रीको आवागमन तथा दुर्घटना सम्भावित क्षेत्रको अध्ययन गरिनेछ", आयोजना प्रमुख कुँवरले भन्नुभयो। सरकारको १०० बुँदे कार्ययोजनामा समेत मुग्लिन-पोखरा सडकमा सेफ्टी अडिट गर्ने र यसको प्रतिवेदन अन्य सडकमा समेत लागू गर्ने उल्लेख गरिएको आयोजनाले जनाएको छ। उक्त प्रतिवेदनका आधारमा आवश्यक स्थानमा थप सुरक्षा व्यवस्था, ट्राफिक सङ्केत चिह्न, रेलिङ, गति नियन्त्रण तथा चेतनामूलक व्यवस्था गरिने जनाइएको छ।

मुग्लिन-पोखरा सडक देशकै व्यस्त राजमार्गमध्ये एक मानिन्छ। सडक विस्तारका क्रममा कतिपय स्थानमा निर्माण सामग्री, धुलो तथा अस्थायी संरचनाका कारण यात्री तथा चालकले समस्या भोग्दै आएका छन्। वर्षायाम नजिकिँदै गर्दा पहिरो र दुर्घटनाको जोखिमसमेत बढ्ने भएकाले 'सेफ्टी अडिट' गर्न लागिएको हो। मुग्लिन-पोखरा सडक स्तरोन्नति आयोजनाको पश्चिम खण्डमा पाँच वर्षअघि सुरु भएको सडक विस्तार तथा स्तरोन्नति पटकपटक म्याद थप हुँदासमेत अझै पूरा हुनसकेको छैन। तनहुँको जामुनेदेखि पोखराको सेतीपुलसम्मको ३८ दशमलव ७१ किलोमिटर सडकखण्ड पश्चिम खण्डअन्तर्गत पर्दछ।

आयोजनाको म्याद गत पुसमा तेस्रोपटक थप गर्दै आगामी असार १५ गतेसम्म पुर्‍याइएको छ। हालसम्म आयोजनाको भौतिक प्रगति ७८ प्रतिशत पुगेको छ।

# सगरमाथा आरोही परियारसहित बिभिन्न व्यक्ति सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

पोखरा महानगरपालिका वडा नं. १९ ले सगरमाथा आरोहीसहित शैक्षिक क्षेत्रका बिभिन्न व्यक्तिलाई सम्मान गरेको छ ।



मंगलबार आयोजित कार्यक्रममा पोखरा १९ पुरञ्चौर घर भई हाल अमेरिकामा बस्दै आएका सगरमाथा आरोही अमृत परियार सम्मानित भएका छन् ।

जातिय छुवाछुत, महिला हिंसा र बलात्कार विरुद्धको अभियान चलाइरहेका परियारले सो आवाज विश्वको सर्वोच्च शिखर सगरमाथाबाट पनि विश्वभर पुर्याएका छन् । उनले चालेको अभियान र सफलताको प्रशंसा गदै वडाका तर्फबाट नागरिक सम्मान गरिएको वडा सदस्य विकासकुमार आचार्यले जानकारी दिए । उनलाई वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले दोसल्लासहित सम्मानपत्र प्रदान गरे । सोही कार्यक्रममा उत्कृष्ट शिक्षक तथा अध्यक्षलाई पनि सम्मान गरिएको छ । सम्मानित हुनेमा भुमेश्वर आधारभुत विद्यालय, घार्मीका शिक्षक माधवप्रसाद आचार्य, महेन्द्र माविका रत्ना विश्वकर्मा, भारती भवन माविका भोला गिरी, विन्ध्येश्वरी माविका प्र.अ.श्रीराम आचार्य र शिवेश्वरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खिमलाल बास्तोला छन् । उनीहरुलाई वडाध्यक्ष पाण्डे, पोखरा महानगरपालिकाका शिक्षा अधिकृत जीवन रेग्मी, प्राकृतिक स्रोत व्यवस्थापन कलेजका प्रमुख प्रा.डा. दुर्गा देवकोटालगायतले सम्मानपत्र, दोसल्ला, मायाको चिनो तथा नगद पुरस्कार प्रदान गरे । वडा शिक्षा समितिले गरेको बर्षभरिको मुल्यांकनका आधारमा उत्कृष्ट शिक्षक तथा अध्यक्ष छनोट गरिएको जनाईएको छ ।कार्यक्रममा बोल्दैं वडाध्यक्ष पाण्डेले सामाजिक अभियन्ताको आवाज समाजमा मात्र सिमित नभई विश्वसामु पुगेको बताउँदै, परियारको अभियानलाई वडाको साथ र सहयोग रहने बताए । उनले सगरमाथा आरोही परियारको कदमले सिगो वडानै हर्षित भएको बताए । सगरमाथा आरोही अमृत परियारले आफ्नै वडा र यहाँका बिभिन्न संघ संस्थाले दिएको सम्मानले अभियानलाई थप अगाडी बढाउने प्रेरणा प्राप्त भएको भन्दै खुशी व्यक्त गरे । कार्यक्रममा पोखरा मनपाका शिक्षा अधिकृत जीवन रेग्मी ,प्राध्यापक डा. दुर्गा देवकोटा, सम्मानित व्यक्ति श्रीराम आचार्य, एमाले वडा कमिटी १९ का अध्यक्ष कोमलप्रसाद बास्तोला,वडा सदस्यहरू दुर्गादेवी बस्नेत, नवराज केसी, वडा सचिव झंकनाथ पौडेल लगायतले यस्ता किसिमका सम्मानले प्रेरणासँगै सफलता दिलाउने बताए । सोही अवसरमा वडाबाट प्रकाशित भित्तेपात्रो पनि सार्वजनिक गरिएको छ । वडा अध्यक्ष पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वडा सदस्य कल्पना सुनार र संचालन वडा सदस्य विकासकुमार आचार्यले गरेका थिए । आरोही परियारलाई यसअघि पुरञ्चौरको विन्ध्येश्वरी युवा क्लब, विन्ध्येश्वरी मावि, लामाचौरको नव आदर्श सामुदायिक विकास समाज,राष्ट्रिय स्वतन्त्र पार्टी, वडा समितिले सम्मान गरिसकेका छन् ।

# गण्डकी प्रदेशमा बालमैत्री नगरपालिकाको सङ्ख्या पाँच

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

बागलुङको जैमिनी नगरपालिकालाई सोमबार बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषण गरिएसँगै गण्डकी प्रदेशमा बालमैत्री नगरपालिकाको सङ्ख्या पाँच पुगेको छ ।

बालमैत्री स्थानीय शासन 'राष्ट्रिय रणनीति, बालमैत्री कार्यान्वयन कार्यविधि-२०६८' र 'बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका-२०७८' मा विभिन्न ५१ सूचक पूरा गरेपछि बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका/गाउँपालिका घोषणा गर्न सकिने व्यवस्था छ ।

सरकारले विसं २०८७ सम्ममा सबै स्थानीय तहलाई बालमैत्री स्थानीय शासनयुक्त बनाउने लक्ष्य लिएको पोषणमैत्री अभियानका राष्ट्रिय सहजकर्ता विष्णुप्रसाद चौवेले जानकारी दिनुभयो । बाल बचाउमा १४, बाल संरक्षणमा १० बाल विकास र बाल सहभागितामा छ/छ गरी सेवा प्रवाहसम्बन्धी ३६ र संस्थागत विकासमा १५ गरी ५१ वटा सूचक पूरा हुनुपर्ने प्रावधान छ । बालमैत्री स्थानीय शासनयुक्त घोषणासँगै सम्बन्धित स्थानीय तहलाई बालश्रममुक्त, बालविवाहमुक्त र सडक बालबालिकामुक्तसमेत घोषणा गर्ने गरिएको छ ।

# पोखरा विश्वविद्यालय सुपरकप फुटबल हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

पोखरा विश्वविद्यालय अन्तर्गतको पोखरा विश्वविद्यालय फुटबल क्लबले जेष्ठ २९ गतेदेखि असार ५ गतेसम्म भण्डारढिक खेल मैदान, लेखनाथमा पोखरा विश्वविद्यालय सुपरकप फुटबल प्रतियोगिता-२०८३ को तेस्रो संस्करण आयोजना गर्ने भएको छ ।

क्लबका अध्यक्ष बिमान प्रधान का अनुसार प्रतियोगिताको विजेता टोलीले नगद रु. १ लाख १५ हजार तथा उपविजेता टोलीले नगद रु. ७० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । नेपालभरका ब्याचलर्स तथा मास्टर्स तहका कलेजहरूबीच खेलकुदमार्फत आपसी सम्बन्ध र स्वस्थ प्रतिस्पर्धा प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको हो । आवेदन फारम बुझाउने अन्तिम मिति जेष्ठ २७ गते तथा टाइ-सिट ड्र जेष्ठ २८ गते हुने आयोजकले जनाएको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई विभिन्न व्यक्तिगत पुरस्कारसमेत प्रदान गरिनेछ ।

# पाँच वर्षमा लेक लागेर ५८ जनाले गुमाए ज्यान

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १९ जेठ

हिमाली जिल्ला मुस्ताङमा पछिल्लो पाँच वर्षमा लेक लागेर ५८ जना पर्यटकले ज्यान गुमाएका छन् । लेक लागेर मृत्यु हुनेमध्ये ६५ प्रतिशतभन्दा बढी भारतीय पर्यटक छन् ।

आर्थिक वर्ष २०७८/७९ देखि आव २०८२/८३ को जेठ १५ गतेसम्म लेक लागेर १६ नेपाली र ४२ विदेशी पर्यटकले ज्यान गुमाएका जिल्ला प्रहरी कार्यालय मुस्ताङको अभिलेखमा उल्लेख छ ।

प्रहरीको तथ्याङ्कअनुसार पछिल्लो पाँच वर्षको सुरुआती वर्ष मुस्ताङमा लेक लागेर आव २०७८/७९ मा छ जना, आव २०७९/८० मा १२ जना, आव २०८०/८१ मा १४ जना, आव २०८१/८२ मा १३ जना र चालु आव २०८२/८३ को जेठ १५ सम्म १३ जना गरी ५८ जना पर्यटकले ज्यान गुमाएका प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो । उकालो उक्लँदै गर्दा अक्सिजनको मात्रा कम भई लेक लाग्ने समस्या हुन्छ ।

# अन्नपूर्ण हिमाल आरोहण दिवसमा दोर्दीमा पर्यटन प्रवर्द्धन कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

७६औं अन्नपूर्ण हिमाल आरोहण दिवसका अवसरमा लमजुङको दोर्दी गाउँपालिकामा पर्यटन प्रवर्द्धन तथा अन्तर्क्रिया कार्यक्रम आयोजना हुने भएको छ । कार्यक्रम आगामी जेठ २० र २१ गते सञ्चालन हुने आयोजकले जनाएको छ ।

उद्योग तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड, दोर्दी गाउँपालिका तथा अन्नपूर्ण संरक्षण आयोजना (एसीएपी)को सहकार्यमा ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकीले कार्यक्रम आयोजना गर्न लागेको हो । आयोजकका अनुसार यस वर्षको कार्यक्रमले दोर्दी क्षेत्रका सम्भावनायुक्त नयाँ पदमार्ग तथा पर्यटकीय गन्तव्यलाई पर्यटन बजारमा स्थापित गर्न विशेष योगदान पुर्‍याउने अपेक्षा गरिएको छ । पछिल्ला वर्षहरूमा सडक विस्तार र बढ्दो व्यावसायीकरणका कारण केही स्थापित पदयात्रा मार्गहरूले आफ्नो मौलिकता गुमाउँदै गएका बेला दोर्दी क्षेत्रलाई प्रकृतिनजिकको, शान्त र वैकल्पिक पदयात्रा गन्तव्यका रूपमा अघि बढाउने लक्ष्य राखिएको छ ।

दोर्दी क्षेत्र प्राकृतिक सौन्दर्य, हिमाली दृश्यावलोकन, मौलिक गुरुङ संस्कृति तथा कम व्यावसायिक हस्तक्षेपका कारण पदयात्रा पर्यटनको आकर्षक नयाँ गन्तव्य बन्न सक्ने सम्भावना बोकेको क्षेत्र हो । यस्ता कार्यक्रमले ओझेलमा रहेका गन्तव्यहरूको प्रचारप्रसार बढाउनुका साथै स्थानीय उत्पादनको बजारीकरण, रोजगारी सृजना, सामुदायिक सहभागिता अभिवृद्धि तथा समुदायमा आधारित दिगो पर्यटन विकासमा महत्त्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ ।दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज अधिकारीका अनुसार कार्यक्रमको मुख्य उद्देश्य दोर्दी क्षेत्रका पर्यटकीय सम्भावनालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यटन बजारमा प्रवर्द्धन गर्नुका साथै स्थानीय समुदायलाई पर्यटन गतिविधिसँग थप जोड्नु हो ।

टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यका अनुसार कार्यक्रममार्फत दोर्दी गाउँपालिकाभित्र रहेका पर्यटकीय गन्तव्यहरूको प्रचारप्रसार, स्थानीय व्यवसायी तथा सरोकारवाला निकायसँग अन्तर्क्रिया तथा जलवायु परिवर्तनसम्बन्धी विषयमा छलफल गरिनेछ ।

कार्यक्रमको पहिलो दिन सहभागीहरू पोखराबाट भोटेओडार हुँदै करिब तीन घण्टाको सवारी यात्रापछि मञ्जाङ ढोकेडाँडास्थित लक्ष्मी माध्यमिक विद्यालय पुग्नेछन् । त्यहाँबाट करिब ४० मिनेट पैदलयात्रा गर्दै लामागाउँ पुग्ने कार्यक्रम तय गरिएको छ । बाटोमा पर्ने दासडाँडामा सहभागीहरूलाई पञ्चेबाजासहित स्वागत गरिनेछ । सोही दिन ७६औं अन्नपूर्ण आरोहण दिवस विशेष समारोह, पदमार्ग तथा पर्यटकीय गन्तव्य प्रवर्द्धनसम्बन्धी औपचारिक सत्र, आरोही सम्मान कार्यक्रम तथा स्थानीय व्यवसायी र सरोकारवालासँग अन्तर्क्रिया आयोजना गरिनेछ । कार्यक्रममा जलवायु परिवर्तन, विश्वव्यापी तापक्रम वृद्धिले हिमाली पर्यटन र स्थानीय वातावरणमा पारेका प्रभाव तथा त्यसका चुनौतीबारे पनि छलफल हुने जनाइएको छ ।

सहभागीहरूले लामागाउँमा गुरुङ समुदायको मौलिक सांस्कृतिक प्रस्तुति अवलोकन गर्नेछन् । कार्यक्रम अवधिभर सहभागीहरूको खाना तथा आवासको व्यवस्था स्थानीय गुरुङ होमस्टेमा गरिएको छ । कार्यक्रमको दोस्रो दिन नेपाली झण्डा पार्क, चियाबारी, मौलाकोट क्षेत्र तथा स्थानीय गुम्बाहरूको अवलोकन तथा भ्रमण कार्यक्रम रहेको आयोजकले जनाएको छ ।

आयोजकका अनुसार कार्यक्रमले दोर्दी गाउँपालिकाको पर्यटन सम्भावनालाई राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा उजागर गर्दै यस क्षेत्रलाई गण्डकी प्रदेशकै उदीयमान पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुग्ने विश्वास लिइएको छ । सन् १९५० जुन ३ मा फ्रान्सेली पर्वतारोही मौरिस हर्जोग र लुई लाशनालले आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल सफलतापूर्वक आरोहण गरेका थिए । सोही दिनको सम्झनामा हरेक वर्ष अन्नपूर्ण आरोहण दिवस मनाइँदै आइएको छ ।






# मे महिनामा भित्रिए एक लाखभन्दा बढी विदेशी पर्यटक

**रासस**
काठमाडौं, १९ जेठ

सन् २०२६ को मे महिनामा एक लाखभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

नेपाल पर्यटन बोर्डले दिएको जानकारीअनुसार मेमा एक लाख दुई हजार ६२६ विदेशी पर्यटक नेपाल भित्रिएका हुन् । उक्त सङ्ख्या गत वर्षको तुलनामा १९ प्रतिशतले बढी हो । बोर्डका अनुसार गत वर्षको मे महिनामा ८६ हजार २१६ पर्यटक नेपाल आएका थिए । कोरोना महामारी अगाडि सन् २०१९ को मे महिनामा ७८ हजार ३२९ विदेशी नेपाल घुम्न आएका थिए । मे महिनामा नेपाल आउने पर्यटकमध्ये सबैभन्दा बढी छिमेकी मुलुक भारतका रहेका छन् । उक्त महिनामा भारतबाट मात्र ४० हजार ७८२ पर्यटक नेपाल घुम्न आएका छन् । यस्तै, दोस्रोमा चीनबाट ११ हजार ५१४, तेस्रोमा संयुक्त राज्य अमेरिकाबाट नौ हजार एक, चौँथोमा बङ्गलादेशबाट पाँच हजार २९८ र पाँचौँमा संयुक्त अधिराज्यबाट तीन हजार ३७५ पर्यटक नेपाल घुम्न आएका छन् । यस्तै, क्षेत्रगत रूपमा विश्लेषण गर्दा सबैभन्दा बढी सार्क मुलुकबाट ४७.२ प्रतिशत, अन्य एसियाली मुलुकबाट १९.९ प्रतिशत, युरोपबाट १३.१ प्रतिशत, अमेरिका क्षेत्रबाट १०.३ प्रतिशत र अस्ट्रेलिया/न्युजील्यान्ड क्षेत्रबाट ३.१ प्रतिशत, मध्यपूर्वबाट एक दशमलव पाँच प्रतिशत र अन्य मुलुकबाट ४.५ प्रतिशत विदेशी नेपाल आएका छन् । शिचम एसियाली मुलुकमा देखिएको द्वन्द्वका कारण नेपालको पर्यटनमा केही असर देखिएको छ । तर, अन्तरराष्ट्रिय बजारमा नेपालप्रतिको बढ्दो विश्वास र पर्यटकीय गतिविधिका कारण आगामी दिनमा यो सङ्ख्या अझै बढ्ने अपेक्षा गरिएको छ ।

# धार्मिक पर्यटन परिपथ विकास गरिने

**पोखरापत्र संवाददाता**
दमौली, १९ जेठ

गण्डकी प्रदेश सरकारले धार्मिक पर्यटन परिपथ विकास गर्नेभएको छ । गण्डकी प्रदेशसभामा आज प्रदेश प्रमुख डिल्लीराज भट्टले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै गण्डकी प्रदेशका विभिन्न जिल्लाका धार्मिकस्थल जोड्ने गरी धार्मिक पर्यटन परिपथ विकास गरिने उल्लेख गर्नुभयो ।

दामोदर कुण्ड, मुक्तिनाथ, गलेश्वर, पञ्चकोट, देवघाट र त्रिवेणीधाम जस्ता महत्वपूर्ण धार्मिकस्थल जोडिने गरी धार्मिक पर्यटन परिपथ विकास गरिने उहाँले उल्लेख गर्नुभयो । प्रदेश प्रमुख भट्टले मुख्य पर्यटकीय गन्तव्यमा पहुँच मार्ग बनाइ हाइ अल्टिच्युट सिक्नेसको उपचारलगायत आधारभूत सुविधा विस्तार गरिने बताउनुभयो ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु।

- जर्ज बार्वर

## सम्पादकीय

# प्रधानमन्त्री बालेनको भनाइ र भारतीय जवाफमा छैन संगति

भारतीय विदेश मन्त्रालयले नेपाल-भारत सीमासम्बन्धी विवादमा तेस्रो पक्ष(मुलुक) को कुनै भूमिका नरहेको जवाफ फर्काएको छ। मंगलबार नयाँदिल्लीस्थित विदेश मन्त्रालयमा आयोजित नियमित पत्रकार सम्मेलनमा भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधिर जयसवालले नेपाल र भारतबीचको सीमा विवाद हलको प्रयास भइरहेको कुरा दोहोऱ्याए। 'सीमासम्बन्धी समस्या समाधानका लागि द्विपक्षीय संयन्त्र बनाएका छौँ। सबै सम्बन्धित भारत र नेपालबीच जे जति द्विपक्षीय मामिला छन्, यसमा कुनै तेस्रो पक्षको भूमिका छैन।' भारतीय भनाइ स्पष्ट छ। प्रधानमन्त्री वालेन्द्र शाहले आइतबार प्रतिनिधिसभामा सीमा विवादबारे दिएको अभिव्यक्तिबारे भारतीय विदेश मन्त्रालयका प्रवक्ता जयसवालले तेस्रो पक्षको भूमिका नकारेका छन। प्रधानमन्त्री शाहले लिपुलेक सीमा विवादबारे चीन र बेलायतसँग पनि कूटनीतिक संवाद भइरहेको बताएका थिए।

'परराष्ट्रको वचकना र प्रधानमन्त्रीको हतारोले देशको अखण्डता र भौगोलिकपन छ भनेर नेता देखिने भारत र चाइनालाई मात्रै नभएर इंग्ल्यान्ड सरकारसँग पनि कुरा गरेका छौं। उहाँहरूले ब्रिटिस इन्डिया छोड्दै गर्दाखेरिको समस्य अहिलेसम्म हाम्रोमा भइरहेको हुँदाखेरी इंग्ल्यान्डले पनि सरोकार राख्नुपर्छ भन्ने हमाम्रो मान्यता हो। यो सबै कुराहरू टेबल टक, डिप्लोमेटिक हिसाबले भएर समाधान हुने जानकारी गराउन चाहन्छु।'त्यति मात्र होइन, प्रधानमन्त्री शाहले दुवै देशले एक अर्काको भूमि मिचेको समेत बताएका थिए। प्रधानमन्त्री शाहले सांसदहरूको प्रश्नको जवाफ दिने क्रममा भनेका थिए, 'तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला मैले पनि अस्ति भर्खर प्रधानमन्त्री भइसकेपछि थाहा पाएँ, भारतले नेपालको जग्गा मात्र होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ।'

भारतीय विदेश मन्त्रालयका प्रवक्ता जयसवालले भारत-नेपाल सीमाबारे प्रधानमन्त्री शाह र परराष्ट्र मन्त्रालयको टिप्पणी हेरेको बताए। नेपाल र भारतबीचको ९८ प्रतिशत सीमा निर्धारण भइसकेको दाबी गर्दै उनले भने, 'केही भागमा केही समस्या -भारतीय विदेश मन्त्रालयले नेपाल-भारत सीमासम्बन्धी विवादमा तेस्रो पक्ष(मुलुक) को कुनै भूमिका नरहेको बताएको छ। मंगलबार नयाँदिल्लीस्थित विदेश मन्त्रालयमा आयोजित नियमित पत्रकार सम्मेलनमा भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधिर जयसवालले नेपाल र भारतबीचको सीमा विवाद हलको प्रयास भइरहेको बताएका हुन्। प्रवक्ता जयसवालले भने, 'सीमासम्बन्धी समस्या समाधानका लागि द्विपक्षीय संयन्त्र बनाएका छौँ। सबै सम्बन्धित भारत र नेपालबीच जे जति द्विपक्षीय मामिला छन्, यसमा कुनै तेस्रो पक्षको भूमिका छैन।'

प्रधानमन्त्री वालेन्द्र शाहले आइतबार प्रतिनिधिसभामा सीमा विवादबारे दिएको अभिव्यक्तिबारे भारतीय पत्रकाहरूले सोधेको प्रश्नको उत्तरमा प्रवक्ता जयसवालले तेस्रो पक्षको भूमिका नकारेका हुन्। प्रधानमन्त्री शाहले लिपुलेक सीमा विवादबारे चीन र बेलायतसँग पनि कूटनीतिक संवाद भइरहेको बताएका थिए। हामीले भारत र चाइनालाई मात्रै नभएर इंग्ल्यान्ड सरकारसँग पनि कुरा गरेका छौं। उहाँहरूले ब्रिटिस इन्डिया छोड्दै गर्दाखेरिको समस्य अहिलेसम्म हाम्रोमा भइरहेको हुँदाखेरी इंग्ल्यान्डले पनि सरोकार राख्नुपर्छ भन्ने हमाम्रो मान्यता हो। यो सबै कुराहरू टेबल टक, डिप्लोमेटिक हिसाबले भएर समाधान हुने जानकारी गराउन चाहन्छु। प्रधानमन्त्रीले भनेको कुरा र भारतले दिएको जवाफमा संगति देखिदैन।अन्तर्राष्ट्रिय रुपमा पनि कमजोर बनाउने र देशबासीलाई निराश बनाउने काम हो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : झमेला बड्ने |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : शारीरिक झमेला | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# पोखराकप बास्केटबलको उपाधि म्याग्दीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

दोस्रो पोखरा कप प्रदेशस्तरीय पुरुष बास्केटबल प्रतियोगिताको उपाधि म्याग्दीले जितेको छ।

गण्डकी प्रदेश बास्केटबल सङ्घको आयोजनामा पोखरामा सोमबार सम्पन्न प्रतियोगितामा पर्वतलाई ७३ का विरुद्ध ८० स्कोर गर्दै म्याग्दी विजयी भएको हो।

विजेता र उपविजेताले शिल्ड, मेडल र प्रमाणपत्रसहित नगद रु ५० हजार र उपबिजेताले रु ३० हजार नगद पुरस्कार प्राप्त गरेका जिल्ला बास्केटबल सङ्घ म्याग्दीका अध्यक्ष एकिन पुर्जाले जानकारी दिनुभयो।

दुई दिनसम्म सञ्चालन भएको प्रतियोगितामा म्याग्दी, पर्वत, कास्की, तनहुँ, लमजुङ जिल्ला बास्केटबल सङ्घले सहभागिता जनाएका थिए। गण्डकी प्रदेशका शिक्षा, युवा तथा खेलकुदमन्त्री रेखा गुरुङ, सङ्घका अध्यक्ष धोजकुमार गुरुङलगायतले पुरस्कार वितरण गर्नुभएको थियो।

# पर्वतमा जिप दुर्घटना हुँदा एकको मृत्यु, दुई घाइते

**पोखरापत्र संवाददाता**
पर्वत, १९ जेठ

पर्वत जिल्लाको कुश्मा नगरपालिका-१४ आर्थरडाँडाखर्कमा गएराति भएको जिप दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ। जिप सडकबाट करिब पाँच सय मिटर तल खसेको थियो।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक दिनेश पौडेलका अनुसार आर्थरडाँडाखर्कस्थित वडा कार्यालयबाट चरीपानीतर्फ जाँदै गरेको ग१ज ५८६५ नम्बरको जिप अँधेरीनेटा भन्ने स्थानमा दुर्घटना हुँदा वडासदस्य ५२ वर्षीय केशवराज पौडेलको निधन भएको हो। टाउको र शरीरको विभिन्न भागमा गम्भीर चोट लागेका उहाँलाई उपचारको लागि पोखरा लगिएकामा चिकित्सकले मृत घोषणा गरेका थिए। दुर्घटनामा जिप चालक सोही वडाकै २७ वर्षीय बुद्धिसागर पौडेल र ४६ वर्षीय राजेन्द्र पौडेल घाइते हुनुभएको छ। दुवै जनाको पोखरास्थित मणिपाल शिक्षण अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# खेलकुदमा पुरानै कार्यक्रम दोहोरिए

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ

गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम मंगलबार प्रदेशसभामा प्रस्तुत गरेको छ।

सरकारको वार्षिक नीति कार्यक्रम प्रदेश प्रमुख डिल्लीराज भट्टले सभामा प्रस्तुत गर्नुभएको हो। नीति तथा कार्यक्रममार्फत सरकारले आगामी वर्षमा खेलकुदतर्फ पुरानै कार्यक्रमलाई निरन्तरता दिएको छ। खेल क्षेत्रका अधिकांश कार्यक्रम यसपटक दोहोरिएका छन्।

प्रदेश सरकारले खेलाडी प्रोत्साहन, खेल पूर्वाधार निर्माण र प्रतिभा पहिचान तथा प्रतियोगिता सञ्चालनलाई प्राथमिकतामा राखेको जनाएको छ। तर यस्ता कार्यक्रम अघिल्ला वर्षदेखि नै दोहोरिँदै आएका थिए। गण्डकी प्रादेशिक क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले प्रदेश सरकारको सुरुको वर्षको नीति कार्यक्रमदेखि नै पोखरामा सुविधासम्पन्न क्रिकेट रङ्गशाला निर्माण गर्ने विषय समेटिए पनि कार्यान्वयन नभएको बताउनुभयो। "नीति कार्यक्रममा जहिले पनि खेल पूर्वाधार निर्माणका विषय समेटिने गरेको छ। तर त्यसका लागि पर्याप्त बजेट विनियोजन हुँदैन। यस वर्ष पनि विगतकै कार्यान्वयन नहुने कार्यक्रम आएका छन्। खेलकुद पूर्वाधार विकासमा सार्वजनिक नीजि साझेदारी बिना सरकारको बजेटबाट मात्र सम्भव हुँदैन भन्ने यसअघिनै पुष्टि भइसकेको छ," सिग्देलले भन्नुभयो।

सरकारले ओलम्पियन तथा राष्ट्रियस्तरका खेलाडीलाई प्रदान गर्दै आएको सहयोग, भत्ता तथा प्रोत्साहन कार्यक्रमलाई आगामी आर्थिक वर्ष २०८३/८४ मा पनि निरन्तरता दिने भएको छ। खेलकुद क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई सम्मान तथा प्रोत्साहन गर्ने नीति अघि सारेको छ। खेलाडीको सम्पूर्ण विवरण समेट्ने 'गण्डकी गौरव' अवधारणाअन्तर्गत डिजिटल प्रोफाइल प्रणाली विकास गरिने प्रदेश प्रमुख भट्टले बताउनुभयो। खेलाडीले हासिल गरेका उपाधि, उपलब्धि तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा स्थापित गरेका कीर्तिमान र रेकर्डलाई संस्थागत रूपमा अभिलेखीकरण गर्ने सरकारको योजना छ। 'खेल्छ गण्डकी' कार्यक्रमलाई निरन्तरता दिइएको छ। नीति तथा कार्यक्रममा जुनियर खेलकुद कार्यक्रम तथा प्रदेश र राष्ट्रियस्तरका प्रतियोगितालाई थप व्यवस्थित र प्रभावकारी बनाउने उल्लेख गरिएको छ। विद्यालय तथा स्थानीय तहबाट खेल प्रतिभाको पहिचान गरी उत्कृष्ट खेलाडीलाई प्रशिक्षण, बन्द प्रशिक्षण तथा छात्रवृत्तिको व्यवस्था गरिने निति तथा कार्यक्रममा उल्लेख छ।

खेलकुद क्षेत्रको संस्थागत सुदृढीकरणका लागि प्रदेश सरकार, स्थानीय तह तथा निजी क्षेत्रबीच सहकार्य र साझेदारी विस्तार गरिने भएको छ। खेल पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै प्रत्येक जिल्लामा बहुउद्देश्यीय कभर्ड हल, रङ्गशाला वा क्रिकेट मैदान निर्माणलाई अघि बढाइने नीति लिइएको छ। साथै निर्माण सम्पन्न भइसकेका खेल पूर्वाधारको संरक्षण, स्तरोन्नति तथा प्रभावकारी व्यवस्थापनमा जोड दिइने नीति कार्यक्रममा उल्लेख छ। सरकारले साहसिक तथा उच्च उचाइका खेलकुद गतिविधिको विकास र विस्तारमार्फत गण्डकी प्रदेशलाई खेल पर्यटनको प्रमुख गन्तव्यका रूपमा स्थापित जनाएको छ। उच्च उँचाइ खेल पूर्वाधार निर्माण हरेक वर्ष नीति कार्यक्रममा पर्दै आएको छ। सरकारले अघिल्लो वर्षसमेत मुस्ताङ जिल्लामा उच्च पर्वतीय खेलकुद रङ्गशाला निर्माण गर्ने कार्यक्रम ल्याएको थियो।

# लेकसिटी कलेजका विद्यार्थीको आँखामा ताङतिङ गाउँ

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ




अन्नपूर्ण हिमशृखलाको काखमा सजिएको रमणीय गुरुङ गाउँ ताङतिङ जहाँ प्रकृतिको शान्त सौन्दर्यसँगै संस्कार र संस्कृतिको न्यानोपन मिसिएको छ।

हालै ताङतिङ पुगेका पोखराको लेक सिटी कलेजमा सामाजिक कार्य अध्ययनरत २७ जना विद्यार्थीका लागि यो भ्रमण केवल शैक्षिक शिविरमा सीमित रहेन; यो त जीवनकै एक अविस्मरणीय अनुभूति बन्यो। गाउँमा पाइला टेक्नेबित्तिकै स्थानीय बासिन्दाले उनीहरूलाई आफ्नै घरझैँ मानेर होमस्टेमा आत्मीय स्वागत गरे। आधुनिक होटलको सुविधाभन्दा टाढा रहेका ती गुरुङ घरहरूमा बितेका दिनहरूले ग्रामीण जीवनको सजीव अनुभूति दिलाए।

स्थानीय भान्सामा पकाइएका परिकारको मिठास र आतिथ्यको न्यानोपनले सहरी कोलाहलबाट आएका ती युवा मनहरूलाई गहिरोसँग छोयो। मनविकी संकायकी सामाजिक कार्यकी शिक्षक रोसिना कुँवरको प्रत्यक्ष सुपरीवेक्षणमा विद्यार्थीहरूले गाउँको परिवेशलाई नजिकबाट बुझ्ने अवसर पाए। सहभागी विद्यार्थी इविक कर्माचार्य भन्छन्, "सुरुमा गाउँको भाषा र परिवेश फरक लाग्दा अलि अप्ठ्यारो महसुस भयो, तर हजुरआमाहरूसँगको आत्मीय संवादले हामीलाई आफ्नै घरमा भएको अनुभूति गरायो।" लेकसिटी कलेजमा पढ्न आएपछि गएको पहिलो क्याम्पमा विद्यार्थीहरुको प्रतिभा प्रष्फुटन गर्ने अवसर मिलेका सहभागी विद्यार्थी उमेन्द्र गुरुङले खुशी व्यक्त गरे।

शिविरको तेस्रो दिन श्री हिमालय माध्यमिक विद्यालय पुग्दा वातावरण अझ रमाइलो बन्यो। कक्षा एक देखि ६ सम्मका बालबालिकासँग चित्र कोर्ने, कथा सुनाउने र खेलकुदमा रमाउने क्रममा विद्यार्थीहरू आफ्नै बाल्यकालमा फर्किएझैँ देखिन्थे। त्यस्तै, कक्षा ७ देखि १० का किशोर-किशोरीहरूसँग भविष्य, करियर र सामाजिक विषयमा खुला संवाद भयो। करिब ७० जना विद्यार्थी मात्र रहेको सो विद्यालयमा बिताएको समयले सानो परिवेशमै ठूलो खुसी लुकेको हुन्छ भन्ने गहिरो सन्देश दियो। ताङतिङको प्राकृतिक सौन्दर्य र आमा समूहहरूको सक्रियताबीच एउटा चिन्ताजनक यथार्थ पनि विद्यार्थीहरूको आँखामा पऱ्यो। वडा कार्यालयको तथ्याङ्कअनुसार गाउँमा अहिले मुस्किलले ५० जना जति मात्रै युवा बाँकी छन्, र तीमध्ये धेरैजसो श्रमप्रधान काममा संलग्न छन्। वैदेशिक रोजगारी र सहरमुखी प्रवृत्तिका कारण गाउँमा देखिएको सुनसानपनले उनीहरूको मन छोयो। चार दिनको बसाइपछि 'उल्लु संरक्षण' अभियानका अभियन्ता राजु आचार्य सँग प्रकृति र मानव जीवनबीचको सम्बन्धबारे व्यापक अन्तरक्रिया गर्दै शिविर सम्पन्न भएको थियो।

ताङतिङबाट फर्किँदा विद्यार्थीहरूको झोलामा केवल तथ्याङ्क थिएनन्। उनीहरूको मनमा त्यहाँका आमाहरूको माया, बालबालिकाको निष्कपट मुस्कान र ग्रामीण समाजलाई बुझ्ने फराकिलो दृष्टिकोण सँगालिएको थियो।

# मौरिस हर्जोग दौड प्रतियोगितामा २० धावक सहभागी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ जेठ

पहिलो पटक आठ हजार मिटर अग्लो हिमाल आरोहण भएको ७६ वर्ष पूरा भएको अवसरमा म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा पर्ने आधार शिविर देखि नारच्याङ गाउँसम्म आयोजना गरिएको मौरिस हर्जोग दौड प्रतियोगितामा २० जना धावकले सहभागिता जनाएका छन्।

अन्नपूर्ण गाउँपालिका-४ नम्बर वडा कार्यालयले आयोजना गरेको खुला महिला पुरुष दोस्रो मौरीस हर्जोग दौड प्रतियोगितामा पुरुषतर्फ १४ र महिलातर्फ छ जनाले सहभागिता जनाएका हुन्। बुधबार बिहान ६ बजे समुन्द्री सतहदेखि चार हजार १९० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा शुरु हुने प्रतियोगिताका सबै सहभागी र प्राविधिक टोली मङ्गलबार आधार शिविरमा पुगिसकेको अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष लोकबहादुर फगामीले जानकारी दिनुभयो। पोखराका रोहित पुर्जा, चेतनाथ चालिसे, नितु तामाङ, रोल्पाका आस्मा विक, खोटाङकी निर्मला राई, रुकुमका शक्तिराम बुढा, पञ्चराम बुढा, सोलुखुम्बूका आङ फुर्वा शेर्पा, छिरिङ ओयो, पाँचथरका रमेश लिम्बू, पुष्पा सिर्मा, गोरखाका निराज भट्ट, म्याग्दीका हिमेश बुद्धुजा, काठमाडौँका मनकुमार रोका, लोकेन राई, अर्जुन राई, रमेश लिम्बू, सनम गुरुङ, जुम्लाका सन्देभा बुढा, मिभु बुढा सहभागी भएका हुन्।

आधार शिविरदेखि नारच्याङसम्म ३६ किलोमिटर दुरीमा हुने दौड प्रतियोगितामा पुरुष र महिलातर्फ विजेतालाई रु एक लाख, उपविजेतालाई रु ६० हजार, तेस्रोलाई रु ३५ हजार र सान्त्वना स्थान हासिल गर्ने तीन/तीन जनालाई रु १०/१० हजार नगद पुरस्कारको व्यवस्था गरिएको छ। नेपाल भूतपूर्व खेलाडी मञ्च र गण्डकी प्रदेश एथलेटिक्स सङ्घको प्राविधिक सहयोगमा दौड प्रतियोगिता आयोजना गरिएको हो।

म्याग्दी, कास्की, मनाङ र मुस्ताङ जिल्लाको सिमानामा रहेको आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गर्ने बाटो र आधार शिविर रहेको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङको भूगोलमा पर्छ।

आठ हजार मिटरभन्दा अग्लो पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ। सन् १९५० मा जुन ३ मा फ्रान्सका मौरिज हेर्जोग र लुई लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण भएको थियो।

नेपालको पर्यटन क्षेत्रको विकास र पर्वतारोहणको शुभारम्भ भई हिमाललाई विश्वभर चिनाउने दिनको सम्झनाको रूपमा आज विविध कार्यक्रम गरी अन्नपूर्ण आरोहण दिवस मनाउन लागिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो।

# सभापति लामिछाने र भारतीय विदेशमन्त्री जयशङ्करबीच भेटवार्ता

**रासस**
काठमाडौं, १९ जेठ

भारत भ्रमणमा रहनुभएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने र भारतीय विदेशमन्त्री एस जयशङ्करबीच भेटवार्ता भएको छ।

उहाँहरूबीच भएको छलफल भारत-नेपाल विकास साझेदारी तथा जनस्तरका सम्बन्धहरूमा केन्द्रित रहेको र यी सम्बन्धहरूले विकास र समृद्धिलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताइएको छ।

नयाँ दिल्लीमा मंगलबार रास्वपाका सभापति लामिछाने तथा उहाँको प्रतिनिधिमण्डलसँग भेट्न पाउँदा खुसी लागेको भारतका विदेशमन्त्री जयशङ्करले सामाजिक सञ्जालमार्फत उल्लेख गर्नुभएको छ।

सभापति लामिछाने नेतृत्वको प्रतिनिधिमण्डल भाजपाको निमन्त्रणामा पाँच दिने भारत भ्रमणका लागि सोमबार नयाँ दिल्ली प्रस्थान गरेको हो। सभापति लामिछाने नेतृत्वको प्रतिनिधिमण्डलमा उहाँकी धर्मपत्नी निकिता पौडेल, रास्वापाका सहमहामन्त्री तथा प्रतिनिधिसभा सदस्य विपीनकुमार आचार्य, रास्वाका सचिवालय सदस्य तथा प्रतिनिधिसभा सदस्य दीपक बोहरा र स्वकीय सचिव प्रदीप आचार्य हुनुहुन्छ।

# हिमाली सांस्कृतिक भवन निर्माणका लागि आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ



नेपाली लोकसंस्कृतिको संरक्षण, संवर्द्धन र विकासमा तीन दशकदेखि सक्रिय हिमाली साँस्कृतिक परिवार आफ्नै सांस्कृतिक भवन निर्माण अभियानमा जुटेको छ।

वि.सं. २०५४ सालमा "नेपाली लोक संस्कृति बचाऔं" भन्ने नारासहित स्थापना भएको संस्थाले स्थायी पूर्वाधार निर्माणका लागि सहयोग संकलन अभियान सुरु गरेको हो।

पोखरा–९ पृथ्वीचोकमा पोखरा नगर विकास समितिले उपलब्ध गराएको स्थानमा कार्यालय स्थापना गरी सांस्कृतिक गतिविधि सञ्चालन गर्दै आएको हिमाली साँस्कृतिक परिवारले कार्यालय छाड्नुपर्ने अवस्था आएपछि आफ्नै जग्गा खरिद गरी भवन निर्माण गर्ने योजना अघि बढाएको जनाएको छ। पोखरा महानगरपालिकाको सूचनाअनुसार तोकिएको समयभित्र कार्यालय खाली गरी महानगरलाई सहयोग गरेको संस्थाले हाल आफ्नो कार्यालय तमु धिं नेपाल परिसरमा सञ्चालन गरिरहेको छ। भवन निर्माण अभियानलाई व्यवस्थित बनाउन संस्थाका मानार्थ सदस्य तथा वरिष्ठ समाजसेवी टिका बहादुर कार्कीको संयोजकत्वमा 'हिमाली साँस्कृतिक परिवार भवन निर्माण समिति' गठन गरिएको छ समितिले पोखरामा करिब दुई रोपनी जग्गा व्यवस्थापन गरी कार्यालय, सभाहल, संग्रहालय तथा पार्किङसहितको सुविधासम्पन्न सांस्कृतिक भवन निर्माण गर्ने लक्ष्य लिएको छ यसका लागि स्वदेश तथा विदेशमा रहेका शुभेच्छुक तथा संस्थाप्रेमीहरूबाट सहयोग जुटाइने संयोजक कार्कीले जानकारी दिनुभयो। यसैबीच भवन निर्माण अभियानका लागि संस्थाका सल्लाहकार, पोखरा प्रज्ञा प्रतिष्ठानका संस्थापक कुलपति, लेखनाथ साहित्य प्रतिष्ठानका अध्यक्ष, गायक तथा साहित्यकार पद्मराज ढकालले रु. १ लाख २५ हजार ७८९ आर्थिक सहयोग हस्तान्तरण गर्नुभएको छ। सहयोग हस्तान्तरण गर्दै ढकालले नेपाली लोकसंस्कृतिको संरक्षणमा हिमाली साँस्कृतिक परिवारले पुर्‍याएको योगदान उल्लेखनीय रहेको बताउनुभयो। संस्थाका पूर्वअध्यक्ष स्वर्गीय मेनकाजी गुरुङसँगको सहकार्य र आफू पनि लोकसंस्कृतिको क्षेत्रमा सक्रिय रहेकाले हिमालीप्रति विशेष आत्मीयता रहेको उल्लेख गर्दै उहाँले भवन निर्माण अभियानमा सबैको साथ र सहयोग आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो। भवन निर्माण अभियानका लागि निर्माण समिति संयोजक टिका बहादुर कार्कीले रु. ५ लाख, सल्लाहकार सुबेदार मेजर जसबहादुर गुरुङले रु. १ लाख तथा सल्लाहकार बुद्धिमान दुरा धमुले रु. ७० हजार २०० सहयोग गर्ने घोषणा गर्नुभएको छ। त्यसैगरी, कार्यालय व्यवस्थापनका लागि सल्लाहकार चिजा गुरुङले रु. १८ हजार सहयोग प्रदान गर्नुभएको छ भने सल्लाहकार अशोक पालिखेले छ महिनाका लागि रु. ३६ हजार सहयोग गर्ने घोषणा गर्नुभएको परिवारका सचिव डबिन गुरुङले जानकारी दिनुभयो। भवन निर्माण अभियानमा हिमाली साँस्कृतिक परिवारका पदाधिकारी, कार्यसमिति सदस्य तथा कलाकार हरूले पनि आ–आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। संस्थाका अध्यक्ष ज्ञानबहादुर थापाको अध्यक्षता तथा सचिव डबिन गुरुङको सञ्चालनमा सम्पन्न संरक्षक, मानार्थ सदस्य, सल्लाहकार र कार्यसमितिबीचको छलफल कार्यक्रममा संरक्षक नरबहादुर शेरचन, मानार्थ सदस्य खेमबहादुर गुरुङ, भवन निर्माण समिति संयोजक टिका बहादुर कार्की तथा सल्लाहकारहरू अशोक पालिखे, दीपेन्द्र श्रेष्ठ र हुमबहादुर गुरुङलगायतले भवन निर्माण अभियान सफल बनाउन सामूहिक प्रयास आवश्यक रहेको बताएका थिए।

# जानकी अटिजम कक्षालाई विरौटा सहकारीको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, १९ जेठ



पोखरा महानगरपालिकाद्वारा जानकी माध्यमिक विद्यालयमा सञ्चालित अटिजम श्रोत कक्षालाई विरौटा बचत तथा ऋण सहकारी संस्था पोखरा १७ ले शैक्षिक सामाग्री वितरण गरेको छ।

सामाजिक उत्तरदायित्व अन्तर्गत सहकारीको १८ औं वार्षिकोत्सवको अवसरमा मादल, मुजुरा, वासुरी, झुर्मा लगायत १५ हजार मुल्य बराबरका विभिन्न सिकाई सामाग्री हस्तान्तरण गरिएको हो। अटिजम श्रोत कक्षा भवनमा आयोजित एक कार्यक्रमका वीच सहकारीका अध्यक्ष टिका प्रसाद पौडेलले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बास्तोलालाई उक्त सामाग्री हस्तान्तरण गर्नुभयो। पोखरा महानगरपालिका वडा नं. १७ का अध्यक्ष राधिका शाही योगीले सो कार्यक्रमको उद्घाटन गर्दै पछिल्लो समय जटिजम समस्या तिव्ररुपमा वृद्धि भएको उल्लेख गर्दै महानगरले पहिलो पटक जानकी माविमा अटिजम श्रोत कक्षा सञ्चालन गरेको जानकारी दिनुभयो।

व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक अर्जुन कडेल, सहकारीका उपाध्यक्ष ध्रुव अधिकारी र श्रोत कक्षा इन्चार्ज कमल आचार्यले अटिजम कक्षाको महत्व र यसले खेल्दै आएको भूमिकाका बारेमा चर्चा गर्नुभएको थियो। सो अवसरमा वेलायती नागरिक डा.आनाडफी र हाना स्कीलले स्पेसल एलोफेटर हेर्ने सामान सेन्सरी भिज, टयाक्टायल, मुजुरा, वाटा, जग वल लगायत २० हजार मुल्य बराबरका सामाग्री उपलब्ध गाराउनु भएको थियो। २०८२ साल भदौबाट सञ्चालनमा आएको सो कक्षामा हाल ४० जना वालवालिका तथा शिक्षक, थेरापिष्ट, सहजकर्ता, आया र सहयोगी गरि कूल ११ जना कर्मचारी कार्यरत छन्। ११४ जना अटिजम भएका वालबालिकाको आवेदन परेको छ।

# तनहुँमा करिब १५ हजार प्रतिष्ठानको आर्थिक गणना

**पोखरापत्र संवाददाता**
तनहुँ, १९ जेठ

जिल्लाका करिब १५ हजार प्रतिष्ठानको आर्थिक गणना गरिएको छ। जिल्ला आर्थिक गणना कार्यालय तनहुँले वैशाख २ गतेदेखि सुरु गरेको आर्थिक गणनाअन्तर्गत हालसम्म ८६ प्रतिशत अर्थात् १४ हजार ९२३ प्रतिष्ठानको गणना गरेको हो।

कार्यालय प्रमुख ऋषिराम अधिकारीले जिल्लामा १७ हजार ३६६ प्रतिष्ठानको गणना गर्ने लक्ष्य राखिएको र त्यसका लागि ४९ गणक तथा सात जना सुपरिवेक्षक खटाइएको जानकारी दिनुभयो। प्रतिष्ठानको आधारभूत विवरण सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशन, नीति निर्माण, योजना तर्जुमा र लक्ष्य तथा प्रगतिको मापन, कुल गार्हस्थ्य उत्पादन तथा राष्ट्रिय लेखा अनुमानका लागि तथ्याङ्क उत्पादन गर्न आर्थिक गणना महत्त्वपूर्ण हुने उहाँले बताउनुभयो। कार्यालय प्रमुख अधिकारीका अनुसार आर्थिक गणनामा सङ्कलित विवरणहरू पूर्ण रूपले गोप्य रहनेछन्। ती विवरण तथ्याङ्कीय प्रयोजनका लागि प्रयोग गरिने र सामूहिक प्रतिनिधित्व हुनेगरी मात्र प्रकाशन गरिने छ। विसं २०७५ मा गरिएको गणनाअनुसार जिल्लाभर १२ हजार ४३३ प्रतिष्ठान रहेका थिए। तीमध्ये छ हजार ९१५ दर्ता र पाँच हजार ५१८ दर्ता भएका थिएनन्। आर्थिक गणनामा कृषि, वन, पशुपालन, खानी तथा उत्खनन, औद्योगिक उत्पादन, विद्युत् तथा ग्यास, पानी आपूर्ति, फोहर व्यवस्थापन, निर्माण, थोक तथा खुद्रा व्यापार, यातायात तथा भण्डारण, आवास तथा भोजन सेवा, वित्तीय तथा बिमा, घरजग्गा व्यवसाय, शिक्षा, मानव स्वास्थ्य र सामाजिक कार्यलगायत समावेश गरिनेछन्। आर्थिक गणनामा औद्योगिक प्रतिष्ठानहरूको परिचयात्मक विवरण, सञ्चालन गरेका प्रमुख आर्थिक क्रियाकलाप, संस्थागत क्षेत्र, दर्ता स्थिति, रोजगारिसम्बन्धी विवरण, व्यवसाय सञ्चालन, लेखाको स्वरुप, आम्दानी तथा खर्चसम्बन्धी विवरण, ऋण, लगानी तथा वैदेशिक ऋणलगानीसम्बन्धी विवरणलगायत विविरण सङ्कलन भइरहेका कार्यालय प्रमुख अधिकारीले जानकारी दिनुभयो।

यसैबीच सोमबार बसेको सरोकार भएकाहरूको बैठकले स्थलगत गणनाको बाँकी अवधिमा सूचनामूलक सन्देशका लागि थप प्रचारप्रसार गर्ने निर्णय गरेको छ। प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले आर्थिक गणनामा सहयोग गर्न सबैलाई आग्रह गर्नुभएको छ। उहाँले गणनाका क्रममा सङ्कलित विवरण नीति, योजना तथा बजेट निर्माण प्रक्रियामा समेत महत्त्वपूर्ण सन्दर्भका रूपमा प्रयोग गरिने भएकाले यसमा सरिक हुन आग्रह गर्नुभएको हो।

# अन्नपूर्ण आधार शिविरमा ५३ धावक

**विष्णु नेपाल र वासुदेव पौडेल**
पोखरा, १९ जेठ/ रासस

अन्नपूर्ण आरोहण दिवसका अवसरमा यही जेठ २० गते कास्कीको अन्नपूर्ण आधार शिविरदेखि घान्द्रुकसम्म हुने छैटौं संस्करणको अन्नपूर्ण म्याराथनको सम्पूर्ण तयारी पूरा भएको छ। अन्नपूर्ण प्रथमको महिमा र गरिमालाई उजागर गर्न विस २०७५ देखि प्रत्येक वर्ष अन्नपूर्ण म्याराथन गरिदैं आएको छ।

अन्नपूर्ण सेन्चुरी पर्यटन समितिले छैटौं संस्करणको म्याराथनको सम्पूर्ण तयारी पूरा भएको समितिका अध्यक्ष एवं म्याराथन संयोजक ललित गुरुङले जानकारी दिनुभयो। म्याराथनका लागि १८ वर्षदेखि ६९ उमेर समूहका आठ जना विदेशी र ४५ जना स्वदेशी धावकको सहभागी रहने छ।

रिकीयोज्जनलेव्यवस्थापकीय संयोजन गर्नुभएको म्याराथनमा यसअधिकाविजेतातिलकबहादुर सुनारलगायत धावक अन्नपूर्ण आधार शिविर पुगेर पूर्वाभ्यासमा जुटिसक्नुभएको छ।

हिमाल आरोहणको इतिहासमा पहिलोपटक सन् १९५० जुन ३ मा फ्रान्सेली नागरिक मौरिस हर्जोगले समुद्री सतहबाट आठ हजार ९१ मिटर उचाइको अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरेसँगै विश्वमा हिमाल आरोहणले चासो र चर्चा पाएको थियो।

हर्जोगको टोलीले अन्नपूर्ण हिमालको आरोहण म्याग्दीतर्फको उत्तरी आधार शिविरबाट गरेका थिए। हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको आरोहण गरी विश्व कीर्तिमान राखेसँगै अन्नपूर्ण क्षेत्र विश्वव्यापी चासो र चर्चाको विषय बन्न पुगेको हो। अन्नपूर्ण प्रथम आरोहणको सफलताको तीन वर्षपछि सन् १९५३ मे २९ मा तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गरेका थिए। अन्नपूर्ण हिमालको आरोहण भएको डेढ दशकपछि सन् १९६६ मा विश्वप्रख्यात पदयात्री एरिक सिप्टनले चार हजार १३० मिटर उचाइको अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेसँगै अन्नपूर्ण क्षेत्र क्रमिक रुपमा पदयात्राका लागि आकर्षक गन्तव्य बन्दै गएको मानिएको छ।

हर्जोगको टोलीले अन्नपूर्ण प्रथमको आरोहण गरेसँगै गण्डकी प्रदेशमा पर्यटकीय गतिविधि बढेको र त्यसको एक दशकपछि सन् १९६० देखि पोखरामा 'हिप्पी' पर्यटकको आगमन भएको विषयले यहाँको पर्यटनसँग अन्नपूर्ण हिमाल प्रत्यक्ष रुपमा जोडिएको छ।

अन्नपूर्ण हिमालको महत्वबारे विश्व समुदायमा प्रचारप्रसार गर्न २०७४ सालमा तत्कालीन प्रतिनिधिसभा विकास समिति सभापति रविन्द्र अधिकारीको प्रमुख आतिथ्यतामा अन्नपूर्ण आधार शिविरमा पहिलोपटक अन्नपूर्ण महोत्सव गरिएको थियो। यस म्याराथनमा समुद्री सतहबाट चार हजार १३० मिटर उचाइको अन्नपूर्ण आधार शिविरबाट धावकहरु ४२.१९५ किलोमिटर दूरी पूरा गरी घान्द्रुक पुग्ने छन्।

समान्यतः तीन दिन समय लगाउने यस पदमार्गमा पहिलो हुने धावकले करिब चार घण्टामा यो दूरी पार गर्नेछन्। यसअघिका पाँचौं संस्करणसम्म प्रथम हुने धावकले चार घण्टा १६ मिनेटदेखि चार घण्टा २७ मिनेटसम्ममा यो दूरी पार गरेको संयोजक गुरुङले जानकारी दिनुभयो।

त्यस क्षेत्रको पदयात्रामा रहने पहिलो दिन आधार शिविरबाट बम्बो या दोभान, दोस्रो दिन छोम्रोङ र तेस्रो दिन घान्द्रुक आइपुग्ने गरेका छन्। अन्नपूर्ण म्याराथन प्रचार समितिका संयोजक टंकराज अधिकारीका अनुसार अन्नपूर्ण आधार शिविरबाट सुरु हुने यो म्याराथन माछापुच्छ्रे आधार शिविर, बगर देउराली, हिन्कु केभ, हिमालय, दोभान, सिनुवा, भनुवा, छोम्रोङ, तउलु, घुर्जुङ, चुईले, मेलाँचे, कोम्रोङडाँडा, किम्रोङखोला उरी हुँदै घान्द्रुकमा पुगेर सम्पन्न हुनेछ। हिमाल आरोहणको इतिहासमा आठ हजार मिटरभन्दा बढी उचाइको अन्नपूर्ण प्रथम हिमालको आरोहणपछि विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण भएका कारण अन्नपूर्ण प्रथमलाई आरोहणको जेठो हिमालको उपमा दिने गरिएको छ।

यस म्याराथनमा पुरुष तथा महिलातर्फ पहिलो, दोस्रो र तेस्रो हुने धावकलाई क्रमशः रु एक लाख ५० हजार, एक लाख र ७५ हजार नगदसहित प्रमाणपत्र प्रदान गरिने प्रचारप्रसार संयोजक अधिकारीले जानकारी दिनुभयो।

हिमाली भूगोल, साहसिक पदमार्गसँगै मनोरम प्राकृतिक सौन्दर्यका कारण यस म्याराथनप्रतिको आकर्षण बर्सेनि बढ्दै गएकोछ। यस म्याराथनले अन्नपूर्ण प्रथमको मात्र नभएर समग्र गण्डकी प्रदेश र नेपालकै हिमाली पर्यटनमा विशिष्ट योगदान पुऱ्याउने संयोजक अधिकारीले बताउनुभयो।

गण्डकी प्रदेशमा अन्नपूर्ण, धौलागिरि, मनास्लुजस्ता चर्चित हिमशृङ्खला रहेका छन्। अन्नपूर्ण हिमशृङ्खलाअन्तर्गत सात हजार मिटरभन्दा बढी उचाइका अन्नपूर्ण पहिलो, दोस्रो, तेस्रो र चौथो तथा अन्नपूर्ण साउथ, गङ्गापूर्ण र बराह शिखर हिमाल छन्। अन्नपूर्ण शृङ्खलाअन्तर्गत नै तिलिचो पिक, नीलगिरि र लमजुङ आदि हिमाल रहेका छन्।

हिमाल आरोहणको इतिहास बोकेको अन्नपूर्ण हिमालको महत्वलाई उजागर गराउन र यस क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि म्याराथनलगायत गतिविधि महत्वपूर्ण हुने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताउनुभयो।


# लमजुङका गन्तव्य प्रवर्द्धन गरिँदै

**पोखरापत्र संवाददाता**
लमजुङ, १९ जेठ

विश्वमा पहिलोपटक आठ हजार मिटरभन्दा अग्लो अन्नपूर्ण प्रथम हिमाल आरोहण भएको दिन बुधबार अन्नपूर्ण आरोहण दिवसलाई ट्रेकिङ एजेन्सिज एशोसिएन (टान) गण्डकी प्रदेशले लमजुङको दोर्दी गाउँपालिकाका क्षेत्रका विभिन्न गन्तव्यको प्रवर्द्धन गर्ने भएको छ।

सन् १९५० जुन ३ मा फ्रान्सेली आरोही मौरिस हर्जोग र लुई लासनालले पहिलो पटक आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालको आरोहण गरेको अवसरमा प्रत्येक वर्ष जुन ३ लाई अन्नपूर्ण आरोहण दिवसका रुपमा मनाउने प्रचलन छ। उक्त दिवस हरेक वर्ष अन्नपूर्ण क्षेत्रका विभिन्न स्थानमा मनाउने गरिएकोमा यसवर्ष ७६ औं आरोहण दिवसमा लम्जुङको दोर्दी गाउँपालिकाका गन्तव्यलाई समेटिएको टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले जानकारी दिनुभयो। अध्यक्ष आचार्यले यसवर्ष जेठ २० र २१ मा अन्नपूर्ण आरोहण दिवस मनाउन लागेको बताउनुभयो। उक्त दिन दोर्दी क्षेत्रका पदमार्गको पहिचान र प्रवर्द्धनसँगै स्थानीय कला-संस्कृतिको संरक्षण तथा जलवायु परिवर्तनले पर्वतीय पर्यटन र वातावरणमा पारेको प्रभाव लगायतका विषयमा अन्तरक्रिया गर्न लागिएको छ।


## एउटै व्यक्तिभएको सूचना



पर्वत जिल्ला, मोदी गाउँपालिका वडा नं. ४ बस्ने भारतीय आर्मी नं. ८९८२५ का लेस नायक खर्कबहादुर पुनको छोरी रुपा पुनको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर रुपा पुन, जन्म मिति २०३०/८/२९ (सन् १९७३ डिसेम्बर १४) उल्लेख भएको तर बाबुको भारतीय पेन्सन अभिलेखमा निजको नामथर Bishnu Kumari र जन्म मिति सन् १९७० डिसेम्बर २५ उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र बाबुको भारतीय पेन्सन अभिलेखमा नामथर र जन्ममिति फरक परे ता पनि उल्लेखित नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी मोदी गाउँपालिका वडा नं. ४ कार्यालय पर्वतको च.नं. ५३३, मिति २०८३/२/११ गते सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, पर्वत, कुश्मा**



## अंग्रेजी शिक्षक आवश्यकता

आमाघर पाठशाला पोखरा महानगरपालिका वडा नं. २२ पुम्दीभुम्दीको लागि दक्ष, अनुभवी अंग्रेजी शिक्षकको आवश्यकता परेको हुँदा इच्छुक तर्पासलमा उल्लेखित नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र दरखास्त आह्वान गरिन्छ।

**पद** : अंग्रेजी शिक्षक
**तह**: आधारभूत तह
**संख्या** : १ जना
**न्यूनतम शैक्षिक योग्यता** : स्नातक वा सो सरह, सम्बन्धित विषयमा अनुभवी
**छनौट प्रक्रिया**: लिखित, अन्तर्वार्ता र कक्षा अवलोकन।
**पेश गर्नुपर्ने कागजातहरु**: हस्तलिखित निवेदन, व्यक्तिगत विवरण, शैक्षिक योग्यताका प्रमाणपत्रहरु, अनुभवको प्रमाणपत्र, नेपाली नागरिकताको फोटोकपिहरु।
**सेवा सुविधा** : संस्थाको नियमानुसार हुनेछ।
**दरखास्त दिने मिति** : २०८३/०२/२० देखि २६ गतेसम्म कार्यालय समय भित्र, सार्वजनिक बिदाको दिन कार्यालय बन्द रहनेछ। निवेदन दिने अन्तिम दिन बिदा परेमा सो पश्चात खुल्ने दिनलाई अन्तिम दिन मानिने छ।

*निवेदन दिने स्थान*

**आमाघर पाठशाला**
पोखरा–२२, पुम्दीभुम्दी, कास्की,
Email:aamaghar68@gmail.com
मोबाइल: ९८०६५४८९२३, ९८५६०३३२०५